"पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, सहकारी र पूर्वाधार,
समृद्द बन्दिपुर गाउँपालिका निर्माणको मुल आधार"

प्रधानमन्त्री रोजगार कार्यक्रम

बार्षिक प्रगति प्रतिवेदन
आ.व २०७७।०७८

बन्दिपुर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यलय तनहुँ

Email: bandipurmunicipality@gmail.com
Website www.bandipurmun.gov.np

Tel: 065-520123, 520177,
Bandipur 4 Tanahun

विषयसुची

१. पृष्ठभूमी

२. प्रधानमन्त्री रोजगार कार्यक्रमको परिचय

३. कार्यक्रमको उद्धेश्य

४. कार्यक्रमको सेवाग्राही र लक्षित समुह

५. वितिय तथा भौतिक प्रगती

६. उपलब्धीहरु

७. कार्यक्रम कार्यन्वयनका चुनौतीहरु

८. सफलताको कथा

९. कार्यक्रमका केही तस्विरहरु

१. पृष्ठभूमी

नेपालको सँविधान धारा ३३ मा उल्लेखित रोजगारीको हकलाई कार्यन्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन , २०७५ बमोजिम प्रत्येक नागरिकलाइ न्युनतम रोजगारीको प्रत्याभुतीका लागि आन्तरिक रोजगारीको अवसर सृजना गर्न नेपाल सरकारले २०७५ फागुन १ प्रधानमन्त्री रोजगार कार्यक्रमको सुरुवात गरेको हो ।
नेपाल जस्तो विकासोन्मुख देशमा झेल्नु पर्ने आर्थिक कठिनाइ,गरिबी तथा प्राकृतिक प्रकोपका कारण सिर्जित समस्या र सोबाट आइपर्ने कठिनाइलाइ सामान्यिकरण गर्न राज्यले नै नागरिकहरुलाइ सामाजिक सँरक्षणको रुपमा रोजगारीका कार्यक्रमहरु कामका लागि पारिश्रमिक CASH FOR WORK मार्फत नागरिकको सामाजिक र आर्थिक उन्नतीमा प्रत्यक्ष सघाउ पुर्याउन पूर्वधारहरुको विकास गर्ने र व्यवसायीक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सँचालन गर्ने गरिन्छ ।यो प्रधानमन्त्री रोजगार कार्यक्रमले न्युनतम रोजगारीका क्रियाकलापका अतिरिक्त बेरोजगारलाइ आवश्यक पर्ने रोजगारमूलक सेवा,सहायता र सुविधा प्रदान गरि आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने कार्य समेत गर्दछ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमको परिचय

नेपालको सँविधानको धारा ३३ १ मा प्रत्येक नागरिकलाइ रोजगारीको हक हुने उल्लेख भएबमोजिम रोजगारीको हकसम्बन्धी ऐन,२०७५ र रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ जारी भई कार्यन्वयनमा रहेकाछन । एन र नियमावली प्रावधान अनुरुप रोजगारमूलक सेवा र सुविधाको विस्तार गर्न एवम नागरिकलाइ न्युनतम रोजगारीको प्रत्याभुति गर्दै सामाजिक सँरक्षण प्रदान गर्ने प्रमुख उद्धेश्यका साथ आ.व २०७५।७६ देखी प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयनमा ल्याइएको छ ।
मूलुकभित्र रोजगारीको प्रयाप्त अवसर सृजना गरि उपलब्ध जनशक्तीको महत्व उपयोग गर्ने आर्थिक विकासमा योगदान पुर्याउन एवम न्युनतम रोजगारीको सुनिश्चित गर्ने र आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने दीर्घकालीन सोचका साथ देहायका दुइ मुख्य रणनीतिक क्रियाकलाप सँचालन गर्दै आएको छ ।



यस कार्यक्रमको दीर्घकालीन सोच लक्ष्य,उद्धेश्य र रणनीति निम्नानुसार छन ।

- **दीर्घकालीन सोचः** सबैका लागि रोजगारीको प्रत्याभूती मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु ।
- **कार्यक्रमको लक्ष्यः** आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सँरक्षणको प्रवर्द्धन गर्नु ।

<u>यस कार्यक्रमबाट अपेक्षित परिवर्तनको परिकल्पना</u>



नयाँ नाला बनाउदै महिला श्रमिकहरु

३. कार्यक्रमको उद्धेश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्धेश्य देहाय अनुसार रहेका छन

क) बेरोजगार व्यक्तीलाई न्युनतम रोजगारीको प्रत्याभुती गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

ख) दक्ष तथा सक्षम जनशक्ती विकास गरि आन्तरिक रोजगारी तथा स्वरोगारीको प्रवर्द्धन र विस्तार गर्ने

ग)सरकारी,नीजि सहकारी तथा गैरसरकारी क्षेत्रहरु बिचको समन्वय र सहकार्यमा थप रोजगारीको सृजना गर्ने

घ)आन्तरिक रोजगारी सृजनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने

ङ)सार्वजनिक पूर्वधारहरुको निर्माण,स्तरउन्नती र विस्तारमा योगदान दिने

च)आन्तरिक रोजगारी सृजना सम्बन्धी अध्ययन अनुसन्धान गरि रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

कार्यक्रमको सेवाग्राही र लक्षित समुह

न्युनतम रोजगारीका लागि देहायको लक्षित वर्ग रहेका छन ।

क) १८ देखी ५९ वर्ष उमेर समुहका विपन्न बेरोजगार व्यक्ती

ख) निर्वाह भत्ताको सन्दर्भमा विपन्न बेरोजगार व्यक्ती तथा निजको परिवार

साथै आन्तरिक रोजगारीका लागि रोजगार सेवा केन्द्रबाट रोजगारमूलक सेवा तथा सहायता प्रदान गर्न देहायको लक्षित वर्ग सेवाग्रही रहेका छन ।

ग) श्रमयोग्य जनशक्ती

४. वितिय प्रगती

क.स	शिर्षक	प्राप्त अनुदान	खर्च रकम	बाँकी रकम
	चालु कार्यक्रम खर्च			
१	रोजगार सँयोजक तथा प्राविधिक सहायकको तलब,पोशाक, कार्यलय सँचालन खर्च	११०८०००।	१०४५५९८।	६०४०२।
	पुजिगत कार्यक्रम खर्च			
क.स	सुचिकृत विपन्न श्रमिकको ज्याला रकम	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
१	आई.डि.ए (१०० *१००* ५१७)	५१७००००।	३०,३३,७५६।	२१,३६,२४४।
२	ए.डि.बि तथा नेपाल सरकार	२५०४०००।	३,७५,६००।५	२१,२८,३९९।५
	जम्मा	७६७४०००।	३४०९३५६।५	४२६४६४३।५
३	गाउँपालिका (ज्यालामा साझेदारी तथा अध्यक्षसँग रोजगार कार्यक्रम)	२१,८०,०००।	१९,९७,४७४।०	१८२५२६।०
	कुल जम्मा	१,०९,६२,०००	६४,५२,४२८।५	४५,०९,५७१।५

५. भौतिक प्रगती (योजना अनुसार)

क्र.स	योजनाको नाम	कुल रोजगारी दिन	रोजगारी प्राप्त अदक्ष			भौतिक उपलब्धी
			म	पु	जम्मा	
१	मुकुन्देश्वरी रामकोट साईकल लेन मर्मत तथा निर्माण	५८५	७	८	१५	➢ लम्बाई १६०६ मिटर ➢ औसत चौडाई १.१ मिटर
२	जुमडाँडा खानेपानी सँरक्षण। मर्मत	१४५	४	२	६	➢ ढुङ्गाको गारो (१४.२ घ.मी) ➢ तारबार १७ मिटर
३	पिपलथोकबाट खोरियापानी पधेरा जाने	३३९	८	२	१०	➢ ढुङ्गा छाप्ने काम लम्बाई १०१.५ मिटर ➢ औसत चौडाई १.३ मिटर
४	लखनबारी देखी पधेरा जाने सिढिबाटो मर्मत तथा निर्माण	१८७	१	५	६	➢ पि.सी.सी ढलान गरेको बाटो ११६ मिटर ➢ औसत चौडाई १.१ मिटर
५	सामुदायिक वनक्षेत्रमा पोखरी निर्माण तथा मर्मत	७४९	७	५	१२	**पोखरी १** ➢ लम्बाई ९.६ मि,चौडाई ७.३ मि,उचाई १.८ मि **पोखरी २** ➢ लम्बाई १० मि,चौडाई ५.७ मि,उचाई १.३५ मि **पोखरी ३** ➢ लम्बाई ६.९ मि, चौडाई ५.५ मि, उचाई १.७ मि **पोखरी ४** ➢ लम्बाई ७ मि, चौडाई ५.३ मि ,उचाई १.६ मि **पोखरी ५** ➢ लम्बाई१० मि, चौडाई ४.९ मि ,उचाई १.१ मि
६	साराङमुखिया टोल देखी मनेथान सम्म सिढिबाटो निर्माण	१८९	२	६	८	➢ पि.सी.सी ढलान गरेको बाटो १०१.५ मिटर ➢ औसत चौडाई १.३ मिटर

७	ज्ञान्पा गाउँमा सिढि बाटो निर्माण	१५६	२	७	९	➢ पि.सी.सी ढलान गरेको बाटो ६४.९ मिटर ➢ औसत चौडाई १.७ मिटर
८	कमलबारी तल्लो गाउँबाट माथिल्लो गाउँ सम्म सिढि बाटो मर्मत	९२	१	४	५	➢ ढुङ्गा छाप्ने काम लम्बाई ४४.५ मिटर ➢ औसत चौडाई १.१५ मिटर
९	भुलभुले खानेपानी मर्मत	१९३	२	५	७	➢ पाईप लाइन खन्ने काम ९१७ मिटर ➢ नयाँ पाईप खरिद ३२mm dia ८०० मिटर ,२५ mm di ९०० मिटर
१०	डाँडाछाप च्याहानडाँडा पैदल मार्ग निर्माण	५१६	३	६	९	➢ सुख्खा ढुंगा छाप्ने काम २७८.५ मिटर ➢ औसत चौडाई १.४ मिटर
११	ग्याजाटार नागकुवा पधेरा देखी खड्गमाइ आमा समुह भवन सम्म सिढिबाटो मर्मत तथा निर्माण	२२३	२	४	६	➢ पि.सी.सी ढलान गरेको बाटो १०१.५ मिटर ➢ औसत चौडाई १.३ मिटर
१२	पडके पधेरा देखी आले चौर सम्म खानेपानी विस्तार	१९३	८	०	८	➢ पाईप लाइन खन्ने काम ६५० मिटर ➢ नयाँ पाईप खरिद ३२mm dia ४६५ मिटर ,२५ mm dia २५० मिटर ➢ धारा जडान ७
१३	ढाडगाउँ पानी पधेरा जाने गल्ली र पधेरा निर्माण	१९४	७	५	१२	➢ पि.सी.सी ढलान गरेको बाटो ९१.८ मिटर ➢ औसत चौडाई १.१ मिटर
१४	लुङगेली सडक पक्की नाला	३७६।५	११	२	१३	➢ पक्की नाली १८.९ मिटर ➢ कच्ची नाली ९०६ मिटर ➢ RCC HUMP PIPE १५ मिटर (६ वटा)
१५	खडगमाई मन्दिर परिसरमा रहेको चौतार मर्मत	४०८	६	३	९	➢ ढुंगाको गारो ८५ घ.मी ➢ ढुंगा छाप्ने काम २०० ब.फी ➢ माटो बोकी खान्ने काम २७ घ.मी

१६	रानीवन देखी बाहुनभन्ज्याङ सम्मको साइकल लेन मर्मत	५७०	८	८	१६	➢ लम्बाई २५५० मिटर ➢ औसत चौडाई ०.६ मिटर
१७	कोरिखा ढुँगा छाप्ने कार्यक्रम मर्मत तथा निर्माण	३१२	७	७	१४	➢ बाटोमा सोलीङ र पि.सी.सी १२४ मिटर, औसत चौडाई ०.६ मिटर १.१ मिटर ➢ बाटोमा ढुंगा छाप्ने काम लम्बाई १०९.५ मिटर ,औसत चौडाई १.१ मिटर
१८	वाजुवाडाँडा डिगार्टु पैदल मार्ग मर्मत तथा निर्माण	२९०	२	६	८	➢ बाटोमा सुख्खा ढुंगा छाप्ने काम लम्बाई २७५ मिटर ➢ औसत चौडाई १.१ मिटर
१९	वडा नं ३ को वडा कार्यल सम्मको बाटो तथा नाली मर्मत	३१५	९	६	१५	➢ कच्ची नाली खन्ने काम लम्बाई ८५ मिटर, औसत चौडाई ०.६ मिटर, औसत उचाई ०.७ मिटर ➢ बाटोमा ढुंगाको सोलीङ गर्ने काम लम्बाई २५.५ मिटर, औसत चौडाई ३.१ मिटर ➢ नाली सफा गर्ने काम लम्बाई ८५ मिटर
२०	वडा नं ६को वडा कार्यलय सम्मको वाटो तथा नाली मर्मत	५६२	८	१६	२४	➢ कच्ची नाली खन्ने काम लम्बाई ९९६ मिटर, औसत चौडाई ०.५ मिटर, औसत उचाई ०.४५ मिटर ➢ नाली सफा गर्ने काम लम्बाई ११८० मिटर
२१	नियमित आयोजनाबाट	१३०	०	४	४	
	जम्मा	६७२४।५	१०५	१११	२१६	

६. उपलब्धीहरु

<table>
<tr><th>क्रियाकलापहरु</th><th>उपलब्धी तथा सुचकहरु</th></tr>
<tr><td>रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्युनतम रोजगारीमा सँलग्न हुने बेरोजगारहरुको सुचि सँकलन, छानबिन, प्रमाणिकरण र सुचि सार्वजनिक
 </td><td>• वडा मार्फत प्राप्त भएको बेरोजगार आवेदन सँकलन
• बेरोजगारहरुको सुचि कार्यपालीकाको बैठकबाट प्रमाणित
<table>
<tr><td>महिला</td><td>११४ जना</td></tr>
<tr><td>पुरुष</td><td>२४४ जना</td></tr>
<tr><td>अन्य</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>३५८ जना</td></tr>
</table>
• ३५८ जनाको प्राथमिकिकरणको सुचि प्रकाशन
 
</td></tr>
<tr><td>बेरोजगार व्यक्ति रोजगार ब्यबस्थापन सूचना प्रणाली अनलाइनमा प्रविष्ठ</td><td>३५८ जनाको विवरण रोजगार ब्यबस्थापन सूचना प्रणालीमा प्रविष्ठ</td></tr>
<tr><td>तथ्याँक सँकलन
  </td><td>कोभिडका कारण वैदिशक रोजगारीबाट फर्केकाहरुको विवरण सँकलन तथा विवरण तयार</td></tr>
</table>

योजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सँचालन	योजना शाखाको समन्वयमा योजना सम्बन्धी अभिमुखीकरण कार्यक्रम वडामा सम्पन्न साथै विभिन्न रोजगार उपभोक्ता समितिलाई प्र.म. रोजगार कार्यक्रम, कामका लागि पारिश्रमिकमा आधारित आयोजना सँचालन तथा व्यवस्थापन कार्यविधी, युवा रुपका बारे जानकारी प्रदान
वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट उपल्ब्ध गराउने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा	वैदेशिक रोजगारीको शिलशिलामा मृत्यु भएका कामदारको नजिकको हकदारले प्राप्त गर्ने आर्थिक सहायतका लागि प्रमाण तथा कागजात सँकलन गरि वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा पेश वैदेशिक रोजगार छात्रवृत्तिका लागि निबेदन दिने बारेको वैदेशिक रोजगार वोर्डको सूचना प्रकाशन र आवश्यक अनुसार सहजिकरण
बैक खाता सँचालनका लागि सहजिकरण	सम्पूर्ण श्रमिकहरुको पारिश्रमिक भुक्तानीमा बैकिङ प्रणाली मार्फत अनिवार्य गरि एन.आई.सि. एसिया बैकसँग सहकार्यमा वडा नं. ६ को वडा कार्यलयमा गई अति विपन्न श्रमिकहरुको व्यक्तिगत खाता खोल्न सहजिकरण
विभिन्न सिपमुलक रोजगारमुलक तालिम सम्बन्धी सेवाप्रदायक सँस्थासँग समन्वय १: लघु,घरेलु तथा साना उधोग प्रवर्द्धन केन्द्र त्रिपुरेश्वर काठमाडौ, व्यवसायीक तथा सिप विकास तालिम केन्द्र गण्डकी प्रदेश, पोखरा तथा घरेलु तथा साना उधोग कार्यलय दमौलीद्धारा प्रदान गरिने सिपमूलक तालिमको लागि सहजिकरण २:सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशमा लागत साझेदारीमा आधारित व्यवसायीक तथा सिप विकास तालिमको लागि प्रस्तावना पेश	लघु,घरेलु तथा साना उधोग प्रवर्द्धन केन्द्र त्रिपुरेश्वर काठमाडौ तथा व्यवसायीक तथा सिप विकास तालिम केन्द्र गण्डकी प्रदेश, पोखराद्धारा प्रदान गरिने सिपमूलक तालिमको सुचना प्रशारण गरि ईच्छुक सहभागीहरुको नामवली सँकलन गरि पठाईएको स्टिल फिक्चर,प्लम्बिङ,सिलाई कटाई तथा फेसन डिजाईन, मोबाईल तथा टिभि मर्मत अचार तथा सस बनाउने, MIS office package सुचिकृत अति विपन्न लाभग्राहीका लागि आवश्यक रोजगार योग्य क्षमता विकासका लागि १० दिने जिवन उपयोगी प्लम्बर,सिकर्मी,ग्रिल,ईलेक्ट्रीसियन जस्ता विभिन्न विषयको विवरण तयार गरि पठाईएको

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका ५० दिने तालिम,विषय क्षेत्रका बारे विवरण तयार

तालिम सँचालन तथा सहजिकरण

२ महिने मोबाईल मर्मत तालिम

घरेलु तथा साना उधोग कार्यलय दमौलीको प्राविधिक सहयोग तथा रोजगार सेवा केन्द्रको सहजिकरणमा १४ जना युवाहरुलाई २ महिने तालिम सँचालन (कोभिड १९ का कारण बिचमै स्थगित गर्नुपरेको)

सपिङ ब्याग तथा सेनेटरी प्याड बनाउने तालिम सँचालन

बन्दिपुर गाउँपालिको आर्थिक सहयोग तथा विकास, सचेतना तथा रोकथाम कार्यक्रम तनहुँको आयोजनामा सँभावित उधमी महिलाहरुलाई १५ दिने सपिङ ब्याग तथा सेनेटरी प्याड बनाउने तालिम सँचालन

गाउँकार्यपालिका सदस्यहरुलाई उदघोषण तथा क्षमता विकास तालिम

सम्पदा नेपालको प्राविधिक

	सहयोगमा यस बन्दिपुर गाउँपालिकामा निर्वाचित वडा सदस्य तथा कार्यपालिका सदस्यहरुलाई ३ दिने उदघोषण तथा क्षमता विकास तालिम सँचालन
 साईकल लेन निर्माण सम्बन्धी अन्तरक्रिया	तनहुँ क्षेत्र नं. १अन्तरगतका स्थानिय तहहरु बिच दमौली देखी बन्दिपुर हुदै छिम्केश्वरी सम्म साईकल लेन निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम रामकोट गाउमा सम्पन्न
सार्वजनिक निर्माणमा श्रमको प्रयोगबाट रोजगारी	कामका लागि पारिश्रमिकमा आधारित सामुदायीक आयोजनाबाट १३८ जनाले २७२५ दिन औषतमा ४८ दिन रोजगारी उपलब्ध भएको छ भने अध्यक्षसँग रोजगार कार्यक्रम र नियमित आयोजनहरुबाट २५ जना दक्ष श्रमिकहरुले रोजगारी पाएकाछन ।
महिला उघमशिलता विकास, वितिय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रममा सहजिकरण	सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशबाट ३ जना महिला उधमीहरु (होटल, फोटो स्टुडियो तथा सिलाईकटाइ) ले वस्तुगत सहयोगा प्राप्त गर्न सफल।
रणनैतिक सञ्चार	जिल्ला स्थित क्रियाशिल विभिन्न सँचार माध्यम तथा मिडिया सँग रोजगार सेवा केन्द्रले सम्पादन गरेका कार्यहरुको निरन्तर सुचना सम्प्रेषण (News Coverage) तथा अन्तरवार्ता
अनुगमन, रिपोर्टिङ र मुल्यांकन	❖ मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा प्रतिवेदन तयार गरि मन्त्रालय, प्रदेश जिल्ला पठाईएको । ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमको जनप्रतिनिधी, सरोकारवाला, समुदाय तथा कर्मचारीबाट निरन्तर अनुगमन

❖ अन्य उपलब्धीहरु

यस कार्यक्रमबाट श्रमिकको ज्याला भुक्तानी गर्दा अनिवार्य रुपमा बैक खातामा भुक्तानी गर्नुपर्ने व्यवस्थाले विपन्न वर्गको पारिवारिक तहमा समेत वितिय साक्षरतामा अभिवृद्धी भएको छ । नगद रहित भुक्तानी विधिले पारदर्शिता बढाएको छ ।

७. कार्यक्रम कार्यन्वयनका चुनौतीहरु

- **नितीगत परिवर्तनको प्रभावः** गत आ.व.मा कायम भएको बजेट,मापदण्ड तथा कार्यविधी परिवर्तन भई चालु आ.व.मा आधार, कार्यप्रक्रिया नया भएकोले कार्यन्वयनमा अस्पष्टता तथा जटिलता।
- **अपेक्षित अपनत्वको कमी** प्र.म.रोजगार कार्यक्रम केबल सङ्घीय सरकारको मात्र कार्यक्रम हो भन्ने सोचले लक्ष्य अनुसारको प्रगती हासिल हुन नसकेको ।
- **रोजगारमूलक सेवा,सहायता र सुविधा प्राथामिकतामा नपरेकोः** कार्यक्रमले मुख्यतय विपन्न नागरिकलाई न्युनतम रोजगारी उपलब्ध गराउने कार्यमा केन्द्रित हुनुपर्दा रोजगारमूलक सेवा प्रवाह,सहायता प्रदान र सुविधा उपलब्ध गराउने कार्यले प्राथमिकता पाउन नसकेको अवस्था छ । साथै स्थानीय स्तरमा उपलब्ध हुन सक्ने रोजगारी,स्वरोजगारी आर्थिक अवसरको श्रृजना वा आन्तरिक रोजगारी वृद्धिका लागि स्थानीय रोजगार नीति स्थानीय विकास प्रक्रियामा मूल प्रवाहिकरण हुन नसकेको ।
- **अपेक्षा र आपूर्ती बिचको अन्तरः** यस कार्यक्रममा सहभागी हुन ठुलो सँख्यामा बेरोजगार व्यक्तीले आवेदन दिएको तर सिमित सँख्यामा सुचिकृत व्यक्तिहरुलाइ न्युनतम रोजगारीमा सँलग्न गराउन नसकेको साथै अपेक्षा गरेअनुसारको क्षेत्रमा दक्ष र शिक्षित जनशक्तीलाई कार्यक्रममा समावेश गर्न नसकिएको कारणले नागरिकको अपेक्षा र सेवा प्रवाहमा अन्तर देखिएको छ ।
- **अनुगमन तथा मुल्याँकन नहुनुः** कार्यक्रमको प्रभावकारीरुपमा प्रदेश, जिल्ला समन्वय समिति तथा अन्य सरोकारवालाहरुको अनुगमन तथा मुल्याँकन हुन नसक्नु ।
- **न्युन ज्यालाः** यो कार्यक्रम सुचिकृत अति विपन्न बेरोजगारहरुलाई सामाजिक सँरक्षण दिने उद्धेश्यले आएको भएतापनि श्रमिकलाई दिने ज्याला जिल्ला दर रेट र स्थानीय स्तरमा प्रचलित दर भन्दा कम भएकोले दक्ष मिस्त्री तथा पुरुष श्रमिक कार्यक्रममा समावेश हुन नखोज्नु ।
- **समन्वयः** प्रदेश,जिल्ला समन्वय समिति,उद्योग वाणिज्य सँघ, घरेलु तथा साना उद्योग व्यवसायी सँघ लगायतका अन्य रोजगारदाताहरु सँग समन्वयको अभाव
- स्थानिय निर्माण व्यवसायी-रोजगारदाताहरु सुचिकृत बेरोजगारहरुको क्षमता, कार्यशैलि प्रती आशाँका गर्नु । बाहिरी श्रमिकले जति कार्य स्थानीयले गर्न नसक्ने र नखोज्ने प्रवृती ।

८. कार्यक्रमका केही तस्विरहरु

साईकल लेन उदघाटन तथा साईकल लेन निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रमका झलक

Cash for Work कार्यन्वयनका केही झलकहरु

खडगमाई मन्दिर परिसरमा रहेको चौतारा मर्मत गर्नु अघि र पछिका तस्बिर

योजनाको नामः कमलबारी तल्लो गाउँदेखी माथिल्लो गाउँ सिढी बाटो निर्माण

जुमडाँडा खानेपानी मुहान योजना पहिले र अहिले

ज्ञान्पा गाउँको बाटो योजना निर्माण अघि र सम्पन्न पछिको तस्बिर

पहिरोले क्षतीग्रस्त साईकल लेन

पहिरो पन्छाएपछिको साईकल लेन

वडा नं. ६ मा सम्पन्न

भएको योजनाहरु

साईकल लेन मर्मतका झलकहरु

सामुदायीक वनक्षेत्रमा पोखरी निर्माणका झलकहरु

वनक्षेत्रमा वनेको पोखरी

खोरियापानी पधेरा जाने बाटो

खानेपानी पाईप लाईन बिस्तार योजना

रामकोट जाने सडकमा सोलिङ कार्य

सडकमा नाला बनाउदै महिला श्रमिकहरु

काम सम्पन्न भएपछि सामुहिक तस्बिर खिचाउदै

धन्यवाद

पेश गर्ने

शरण सिँह गुरुङ

रोजगार सँयोजक

रोजगार सेवा केन्द्र, बन्दिपुर गाउँपालिका